सायल गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
७, प्रदेश नं. डोटी, नेपाल

मिति : २०७५/०३/१२

# संक्षिप्त सूचीको लागिआवेदन पेश गर्ने वारेको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/०३/१२)

नेपाल सरकार र फिनल्याण्ड सरकार बीच ,सम्पन्नद्विपक्षिय सम्झौताअनुसार यस गाउँपालिकामाकार्यरत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना(Rural Village Water Resources Management Project - RVWRMP)को सहयोगमा सञ्चालितहुने जलस्रोत विकास तथा जीविकोपार्जन सम्बन्धी विभिन्न क्रियाकलापहरुमा उपभोक्ता समुदायलाई प्राविधिक तथा सामाजिक परिचालनमा सहजीकरण गर्न सम्भावित सहयोगी संस्थाहरुको संक्षिप्त सूची तयार गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक गैह्र सरकारी संस्थाहरुवाट आवेदन आव्हान गरिएको छ।

शर्तहरु:

१. आवेदन गर्ने संस्था संस्था दर्ता ऐन २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालयमा गैह्र नाफामूलक"गैह्र सरकारी संस्था"को रुपमा दर्ता भई नियमानुसार नवीकरण भएको हुनुपर्नेछ र सम्बन्धित कर कार्यालयबाट करछुट प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ । आवेदनफारामखरिद गर्दा यी कागजातहरु र आवेदन दस्तुर तिरेको सक्कलभौचर पेश गर्नुपर्नेछ । मूल्यअभिवृद्धि करमादर्ता भएका संस्थाले समेत आवेदनगर्न सक्नेछन् तर गाउँकार्यपालिकाले मू.अ.क वापतकुनै रकमभुक्तानीगर्नेछैन ।
२. आवेदनफारम रु.३०००। अक्षेरुपी तीन हजार मात्र ।(पछि फिर्ता नहुने) बुझाई गाउँकार्यपालिका कार्यालय, परियोजनाको प्राविधिक सहयोग इकाई सिलगढी, डोटी र परियोजना सहयोग इकाई डडेल्धुरावाट प्राप्तगर्न सकिनेछ । आवेदन दस्तुर गाउँकार्यपालिकाको खाता नं.४१००३०४०१८१०४ (डोटी बैंक) मा दाखिला गर्नु पर्नेछ । आवेदन फाराम गाउँकार्यपालिकाको कार्यालय सायल डोटी र सिलगढी, डोटी स्थानमा बुझाउन सकिनेछ ।
३. आवेदनगर्ने संस्था ग्रामीण क्षेत्रमाजलस्रोत विकास (खानेपानी/सिँचाई/लघु जलविद्युत/सरसफाई) योजना कार्यान्वयन(Scheme Implementation)वाअन्य सामुदायिक विकास कार्यमा कम्तिमा ५ (पाँच) बर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।
४. संक्षिप्त सूचीको लागिप्रतिष्पर्धा गर्न चाहने संस्थाले यो सूचनाप्रथम पटक प्रकाशितभएको मितिले १५ (पन्ध्र) दिनभित्र निर्धारित फाराम भरी आवश्यक कागजपत्र सहित गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ । आवेदन बुझाउने अन्तिमदिन सार्वजनिकविदा परेमा सो को भोलिपल्ट आवेदनबुझाउन सकिनेछ ।
५. संक्षिप्त सूचीको लागि मूल्याङ्कन गर्दा परियोजनाको स्वीकृत निर्देशिका बमोजिम गरिनेछ र निर्धारित योग्यता हासिल गरेका संस्थाहरु मध्येवाट तीनवटा संस्थाहरुलाई प्राप्ताङ्को योग्यताक्रमको आधारमा संक्षिप्त सूचीमा समावेश गरिनेछ ।
६. संक्षिप्त सूचीमा पर्न सफल संस्थाहरुको सूची गाउँकार्यपालिका कार्यालयको सूचना पाटी र परियोजना प्राविधिक सहयोग इकाईको सूचना पाटीमा टाँस गरिनेछ ।
७. रित नपुगी आएको वाम्याद नाघी प्राप्त भएको आवेदन उपर कुनै कार्यवाहीहुनेछैन ।
८. कुनै कारण जनाई वा नजनाई प्राप्त आवेदनहरु पूरै वा आँशिक रुपमा स्वीकृत गर्ने वानगर्ने सम्पूर्ण अधिकार गाउँपालिका परियोजन ।व्यवस्थापन समितिमा रहेको छ ।
९. अन्य कुराहरु ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाको परियोजना कार्यान्वयन निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।
१०. थप जानकारी यस कार्यालयवाट प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
सुनिल ढकुल्ली
प्रमुख प्रशासकीय अधिकृत